अस्पताल क्यान्टिन संचालनका लागि बहालमा दिने सम्बन्धि

# "शिलबन्दी दरभाउ पत्र"

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल
बुटवल - ७, दिपनगर, रुपन्देही
(सूचना नं.:२११/२०८२_८३)

## "बहाल सम्बन्धी दरभाउ पत्र"

आम्दा नेपाल,
सिद्धार्थ बाल तथा महिला अस्पताल,
बुटवल-७, रुपन्देही
फोन नं.: -५०२१०१, ५०२०९७
E-mail: scwh.butwal@amda.org.np URL: www.amda.org.np

**SUPPLIER'S PROFILE**

Name of Company / Firm: ..............................................................

Company/Firm Registration No.: ..........................................................

Address: ........................................................................................
VAT/PAN No.: ...................................................................................
Validity/Expiry of VAT/Pan Certificate: ...................................................
Phone No.: .................................... Fax No.: ....................................

E-mail: ..........................................................................................

Web site: .......................................................................................
Type of Transaction: Retailer/Stockiest/Supplier/Manufacturer
Others (Specify)...........................................................................

Mailing Address:
.....................................................................................................................
.....................................................................................................................
...........................................................................

I/We confirm the accuracy of the information given in the sealed quotation document and fully responsible to supply the items as cited under the following terms & condition.

Signature: Stamp:
Name of Proprietor:
Date:

AMDA Nepal

Siddhartha Children and Women Hospital

Butwal-7, Rupandehi

Notice of sealed quotation/proposal invitation

(Notice No.: 211/SCWH/2082_83)

**Bidder's Qualification checklist**

| SN | Description | Enclosure | |
|---|---|---|---|
| | | Yes | No |
| **A** | **Mandatory** | | |
| 1 | Company/firm registration/renewal certificate (फर्म दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि) | | |
| 2 | PAN/VAT registration certificate (प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि) | | |
| 3 | Tax clearance certificate (आ.ब. २०८०/८१को करचुक्ताको प्रमाणपत्रको प्रतिलि) | | |
| 4 | Self declaration letter (स्व-घोषणा) | | |
| 5 | Declaration of acceptance of terms and condition of bid document specified in detail notice, bidder's qualification bid form, technical bid form and financial bid form. ( शर्तहरुको स्वीकारोक्ति) | | |
| 6 | Signature of bidder's representative in each page of document and firm/company stamp (प्रत्येक पानामा सहिछाप) | | |
| **B** | **Optional** | | |
| 1 | Nomination of bidder's representative (firm/company representative nomination letter) | | |
| 2 | Bidder's profile sheet/documents | | |
| 3 | Authorization letter | | |
| 4 | Other documents if any: | | |

Name of firm/company:

Representative:

Contact number:

Signature:

Firm/Company stamp:

मिति:

श्रीमान मेडिकल सुपरिन्टेन्डेन्ट ज्यू,

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल-७, रुपन्देही

**विषय: स्व-घोषणा सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा, त्यस अस्पतालबाट आव्हान भएको मिति २०८२/०६/२१ गते प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको क्यान्टिन संचालन गर्ने प्रयोजनका लागि म / मेरो फर्म / संस्था / कम्पनीको आधिकारिक प्रतिनिधिको हैसियतमा निम्न व्यहोरा घोषणा गर्दछु।

१. प्रस्तावित खरिद कारवाहीमा भाग लिन रोक लागेको वा कालोसूचीमा परी अयोग्य भएको छैन।
२. प्रस्तावित खरिद कारवाहीमा कुनै किसिमबाट स्वार्थ बाझिने अवस्था विद्दमान छैन।
३. सार्वजनिक खरिद कारवाहीमा संलग्न हुन आवश्यक सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा सजाय भएको छैन।
४. घोषणा गरेको सम्पूर्ण कुराहरु सत्य हुन झुटो ठहरिएमा संस्थाको नियमावली एवं कानून अनुसार सहुला बुझाउँला।

भवदीय

.............................................................

.............................................................

..............................................

आम्दा नेपाल
सिद्धार्थ बाल तथा महिला अस्पताल
बुटवल

**अस्पताल क्यान्टिन बहाल सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(सूचना नं. २११/२०८२-८३)

**(प्रथम पटक प्रकाशित मिति:२०८२/०६/२१)**

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल परिसरमा रहेको क्यान्टिन संचालनका लागि ईच्छुक, सम्बन्धित निकायबाट ईजाजत प्राप्त र योग्य व्यवसायी फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. ईच्छुक बोलपत्र/दरभाऊपत्र खरिद कर्ताले बोलपत्र/दरभाऊपत्र फारम खरिदका लागि रु.५००।००(अक्षेरुपी पाँच सय रुपैया मात्र) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनी नवीकरण भएको ईजाजतपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्र र आ. ब. २०८०/८१ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरि लिखित निबेदन दिई आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको कार्यालयबाट मिति २०८२/०६/२६ दिउसो ४ बजे भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र/दरभाऊपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर फर्म/कम्पनीको नाम, ठेगाना, सम्पर्क टेलीफोन नम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । शिलबन्दी खाममा आफुले गर्न चाहेको कामको नाम र सूचना नम्बर प्रष्टसंग लेखिएको हुनुपर्नेछ ।

३. रितपूर्वक प्राप्त भएका शिलबन्दी बोलपत्र/दरभाऊपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् मिति २०८२/०६/२७ गते दिउसो १.०० बजे भित्र आम्दा नेपाल ,सि.बा.म. अस्पतालको कार्यालय दीपनगर बुटवलमा पेश गरिसक्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र/दरभाऊपत्र मिति २०८२/०६/२७ गते दिउसो ३.०० बजे बोलपत्र/दरभाऊपत्रदाताहरु वा निजका प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपाल सि.बा.म.अस्पतालको कार्यालय बुटवलमा खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन सोहि समय र स्थानमा खोलिनेछ । बोलपत्र/दरभाऊपत्रदाता वा प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाऊपत्र खोल्न बाधा पुग्ने छैन । बहाल सम्बन्धि शिलबन्दी दरभाउ पत्र पहिले खोलिने छ । त्यसमा सम्पूर्ण कागजात एबम प्राविधिक कुराहरु मिलेका बोलपत्रहरु मध्ये सबैभन्दा बढी बहाल रकम बोल कबोल गरेका व्यवसायी मध्येबाट छोटो सूची तयार गरिने छ । छोटो सूचीमा परेका बोलपत्रहरुको मात्र खानाको मूल्यसूची सम्बन्धि दरभाउपत्र खोलिनेछ । बहाल रकम र खानाको मूल्य सूचिका आधारमा तुलनात्मक अध्यन गरि आवश्यक निर्णय गरिनेछ ।

५. यस पछाडी सिद्धार्थ बाल तथा महिला अस्पताललाई पहिलो पक्ष भनि सम्बोधन गरिनेछ भने क्यान्टिन संचालन गर्न चाहनेलाई दोश्रो पक्ष भनि सम्बोधन गरिनेछ ।

६. बोलपत्र/दरभाऊपत्र फारम भर्दा जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सहीछाप गर्नु पर्नेछ ।

बोलपत्र/दरभाऊपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ । त्यसो नभएको पाईएमा बोलपत्र फारम रद्ध गर्न सकिनेछ । नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने घर बहाल कर बाहेक अन्य करहरू र स्थानीय स्तरमा तिर्नुपर्ने अन्य सबै प्रकारका कर तथा शुल्कहरु दोश्रो पक्षले बुझाउनु पर्नेछ । बोलपत्रदाताले तोकिएको कार्य, कार्य गर्नुपर्ने स्थान, अवधि, शर्तहरु आदिको पूर्ण विवरण बुझी जानी दररेट भरेको मानिनेछ ।

७. बोलपत्र/दरभाऊपत्र पेश गर्दा शिलबन्दी खामका साथमा निबेदन, अध्यावधिक कम्पनि/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्वघोषणा पत्र, सूचना र शर्तहरु स्वीकार गरिएको पत्र वा सहि छाप, प्रत्येक पानामा सहि छाप र अन्य विवरणहरुमा कम्पनीको तर्फबाट दस्तखत गर्ने प्रतिनिधिको अख्तियारि पत्र, फर्मको सम्क्षिप्त परिचय तथा कार्यानुभवको प्रतिलिपि तथा अन्य कुनै प्रमाण-पत्र आदि भएमा संलग्न गर्नुपर्नेछ ।

८. बोलपत्रदाताले आफ्नो प्रस्ताव पेश गर्दा बहाल सम्बन्धि दरभाउ पत्र र खानाको मूल्य सूची सम्बन्धि दरभाउ पत्र अलग अलग खाममा शिलबन्दी गरि बुझाउनु पर्नेछ । दरभाउ सम्बन्धि बोलपत्र सँग आवश्यक कागजात संलग्न गरि बुझाउनु पर्नेछ । अलग अलग शिलबन्दी नभएका बोलपत्रलाई यस प्रक्रियामा समाबेश गराइने छैन, रद्ध भएको मानिनेछ ।

९. क्यान्टिन संचालनका लागि अनुभवीलाई ग्राह्यता दिईनेछ ।

१०. आम्दा नेपाल वा अन्य निकायबाट परिवर्तन गर्ने गरि निर्णय वा निर्देशन प्राप्त नभए सम्म र सिद्धार्थ बाल तथा महिला अस्पताल आफैलाई आवश्यक नपरेसम्म सम्झौता अवधि ३ (तीन) वर्षसम्म कायम रहनेछ र कार्यसम्पादन मूल्यांकनको आधारमा समितिको सिफारिस बमोजिम समयावधि थप गर्न सकिनेछ ।

११. दोश्रो पक्षले बहालमा लिएको क्यान्टिनको कबोल भाडा प्रत्येक महिनाको ७ गते भित्र बुझाउनुपर्नेछ । सो समय भित्र भाडा नबुझाएमा मासिक १० प्रतिशतका दरले जरिवाना लाग्नेछ र तीन महिना भन्दा बढी समयसम्म भाडा नबुझाएमा क्याटिन खालि गराई खुल्ला प्रतिस्पर्धाद्वारा क्यान्टिन बहालमा लगाईनेछ । भाडा नबुझाएको कारणले क्यान्टिन खालि गर्नु परेमा अस्पताललाई दिनुपर्ने आर्थिक दायित्वबाट दोश्रो पक्ष उन्मुक्त हुनेछैन । हर्जाना रकम भाडा बहाल सरह नै असुल उपर गरिनेछ। दोश्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने बहाल रकम अग्रिम रुपमा एकमुष्ट बुझाउन चाहेमा बहाल रकममा ५ प्रतिशत छुट दिइनेछ । साथै, क्यान्टिन भाडा सम्झौताको २ वर्षसम्म सुरुमा कबोल गरेको रकम बराबर हुने रकम, त्यस पश्चात तेश्रो वर्षको भाडा कबोल गरेको मासिक भाडामा १० प्रतिशत वृद्धि गरिनेछ।

१२. उपरोक्त अनुसार क्यान्टिन बहाल आर्जन गरे बापत नेपाल सरकारलाई बुझाउनु पर्ने बहाल कर रकम प्रथम प्रक्षले नै बुझाउनेछ र अन्य करहरु दोश्रो पक्षले नै बुझाउनुपर्नेछ ।

१३. क्यान्टिनमा पिउने पानी, बत्ती र शौचालयको सुविधा प्रथम पक्षले सम्भव भएसम्म मिलाई दिनेछ र सोको लाग्ने महशुल मर्मत सम्भार शुल्क दोश्रो पक्षले ब्यहोर्नु पर्नेछ । समयमा महशुल नबुझाई जरिवाना लागेमा दोश्रो पक्षबाट नै जरिवाना समेत असुल उपर गरिनेछ ।

१४. क्यान्टिनका लागि आवश्यक फर्निचर लगायत सामग्रीहरूको व्यवस्था गर्ने जिम्मेवारी दोश्रोपक्षको हुनेछ,साथै पानी उपलब्ध गराउन अस्पताल बाध्य हुनेछैन ।

१५. आफुले भाडामा लिएको क्यान्टिनको सरसफाई, हेरविचार तथा फोहोर व्यस्थापन, मर्मत सम्भार र सुरक्षा गर्ने दायित्व दोश्रो पक्षको नै हुनेछ। साथै दोश्रो पक्षले फोहोर संकलन गर्ने भाँडा क्यान्टिन अगाडि वा क्यान्टिन भित्र नै

राख्नुपर्ने र पानी निकास पनि अनिवार्य रुपमा व्यवस्थापन गर्नुपर्नेछ । अस्पताल परिसरभित्र पानी निकासी गर्न र फोहोर गर्न पाइनेछैन ।

१६. बहालमा लिएको क्यान्टिन दैविक प्रकोप वा अन्य काबु बाहिरको परिस्थितीबाट हानि नोक्सानी हुन गएमा बाहेक आफू बहालमा बसेका बखत लापरवाहिबाट कुनै टुटफुट हानि नोक्सानी भएमा समितिले ठहराए बमोजिमको खर्च र लागत लगाई दोश्रो पक्षले मर्मत सुधार गर्नुपर्नेछ ।

१७. क्यान्टिन व्यवसाय गर्ने व्यवसायीले सम्बन्धित निकायहरुमा दर्ता गरेको प्रमाणपत्रह तथा परिकार र सामग्रीको दररेट सबैले देख्ने गरि राख्नुपर्नेछ ।

१८. क्यान्टिन आफ्नो जिम्मा लिए पश्चात दोश्रो पक्षले छोड्नुपर्ने अवस्था आईपरेमा आफुले लिएको क्यान्टिनको सम्पूर्ण बहाल रकम चुक्ता गरि रंग रोगन सहित पूर्ववत भौतिक अवस्थामा नै क्यान्टिन प्रथम पक्षलाई बुझाउनुपर्नेछ ।

१९. प्रथम पक्षको लिखित स्विकृति बेगर क्यान्टिन भित्र वा बाहिर दोश्रो पक्षले कुनै पनि थप निर्माण वा भौतिक संरचनामा हेरफेर गर्न पाउने छैन ।

२०. क्यान्टिन भाडामा लिए पश्चात दोश्रो पक्षले अन्य कसैलाई भाडामा लगाउन वा स्वामित्व हेरफेर गर्न पाउने छैन । लगाईएको पाईएमा निजको सम्झौता खारेज गरि पुनः टेण्डर प्रक्रियामा जान अस्पताललाई कुनै बाधा पर्नेछैन ।

२१. प्रथम पक्षले क्यान्टिन खालि गराउनुपर्ने आवश्यकता परेमा ३ महिना पूर्व लिखित जानकारी दिई खालि गराउन सक्नेछ। साथै दोश्रो पक्षले कारोबार बन्द गरि क्यान्टिन छाड्न चाहेमा ३ महिना पूर्व प्रथम पक्षलाई लिखित जानकारी दिई क्यान्टिन छाड्न सकिनेछ ।

२२. क्यान्टिन बहालमा लिए बापत दोश्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने बहाल रकम या सम्झौतामा उल्लेख गरिएको रकम निधारित समयसम्म (७ गते भित्र) बुझाई सक्नु पर्नेछ। यदि कुनै कारणले बहाल नबुझाएमा वा बुझाउन आलटाल गरेमा तोकेको हर्जाना (१०%) समेत बाँकी सरह असुल उपर गरि क्यान्टिन खालि गराउन सक्ने हक प्रथम पक्षसंग सुरक्षित रहनेछ ।

२३. यो सम्झौता अनुरुप बहालमा लिएको क्यान्टिनमा प्रचलित कानुनले निषेध गरेको व्यापार व्यवसाय र कारोबार गर्न स्विकृत दिएको मानिने छैन । बहालमा लिएको क्यान्टिनमा धुम्रपान, मध्यपान सूर्तिजन्य पदार्थ वा कानुनले निषेध गरेको अन्य माल वस्तुको बिक्रि वितरण गर्नपाइने छैन । साथै ध्वनी प्रदुषण, वायु प्रदुषण लगायत अस्पतालका बिरामी, सेवाग्राही, सेवा प्रदायक तथा अस्पताल परिसर भित्र प्रतिकुल असर पार्ने व्यवसाय संचालन गर्न पाईनेछैन ।

२४. दोश्रो पक्षले कबोल अंकको ३ महिना बराबर राखेको धरौटी रकम धरौटी बापत रहिरहनेछ, भाडामा कट्टी हुने छैन । तर यसले व्यवसाय गर्न छाडेको मितिले ४५ दिनपछि मात्र अन्तिम महिनाको पानी तथा बिजुली महसुल कटाई बांकी रकम फिर्ता गरिनेछ ।

२५. यो सम्झौता पत्र हराए वा नासिएमा तोकेको शुल्क लिई अस्पतालको कार्यालयबाट प्रतिलिपि उपलब्ध गराइनेछ ।

२६. यो सम्झौता प्रचलित नेपाल कानून संग बाझिने भएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

२७. यो सम्झौता लागु गर्दा/गराउँदा विवाद उत्पन्न भएमा आम्दा नेपालको निर्देशन अनुसार विवादको समाधान हुनेछ, प्राप्त निर्देशन दुबै पक्षले मान्नुपर्नेछ ।

२८. समयावधि थप नगर्ने निर्णय भएमा, यो सम्झौताको समय सिमा समाप्त हुन जाने मितिले ६ महिना पहिले यस अस्पतालले बोलपत्र सूचना आह्वान गरि नयाँ ठेक्का बन्दोवस्त गर्नेछ । सो समयमा शिलबन्दी बोलपत्रमा सहभागी भै क्यान्टिन पाउन नसकेमा वा बोलपत्रमा सहभागी नभएमा दोश्रो पक्षले सो ६ महिनाको अवधिमा क्यान्टिन खाली

गर्ने व्यवस्था गरि ३ वर्ष पुग्नासाथ क्यान्टिन खाली गर्नुपर्नेछ । क्यान्टिन खालि गर्ने अवधि सम्मको भाडा अस्पताललाई भुक्तानी दिनुपर्नेछ।

२९. क्यान्टिनबाट बिक्रि गरिने परिकार र सामग्रीको गुणस्तर कायम गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ । खाद्य सामग्रीको गुणस्तर सम्बन्धमा गुनासो आएमा पहिलो पक्षले दोस्रो पक्षलाई पहिलो पटक मौखिक जानकारी, सुधार नभएमा दोस्रो पटक लिखित जानकारी प्रदान गर्नेछ, र यसपश्चात समेत अटेर गरि गुणस्तर सुधारको प्रयास नगरेमा यो सम्झौता रद्द गर्न सक्नेछ।

३०. प्रथम पक्षले क्यान्टिनको गुणस्तर निरीक्षणका लागि एक अनुगमन समिति गठन गर्नेछ । उक्त अनुगमन समितिलाई अवलोकनको व्यवस्था मिलाउने, मागेका सूचना एवं काजगात दिने र अनुगमन समितिले दिएका राय सुझावको पालना गर्ने दायित्व दोश्रो पक्षको हुनेछ।

३१. बोलपत्र/दरभाऊपत्रमा संसोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपाल, सि.बा.म. अस्पतालले संसोधन गर्न सक्नेछ । अन्य शर्त तथा कार्य विवरण बोलपत्र/दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछ । रितपूर्वक प्राप्त नभएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३२. बोलपत्र/दरभाउपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार पूर्णरुपमा आम्दा नेपाल, सि. बा. म. अस्पतालमा सुरक्षित् रहनेछ ।

बोलपत्र/दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**सम्पर्क राख्ने ठेगाना**

कार्यालयको नाम: आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल
ठेगाना: बुटवल-७, दीपनगर, रुपन्देही ।
फोन नं. ०७१-५०२०९७, ५०२१०१
ईमेल ठेगाना: scwh.butwal@amda.org.np URL: www.amda.org.np

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको उपरोक्त सूचना बमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौ ।

संस्थापक वा आधिकारिक पदाधिकारीको नाम: ..............................................................................................
हस्ताक्षर: ...............................................................................
मिति: ..................................................................................

फर्म/कम्पनीको छाप:

आम्दा नेपाल

सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल-७, दिपनगर, रुपन्देही

## बहाल सम्बन्धी दरभाउ

(सूचना नं.:२११/२०८१-८२)

मिति-२०८२/०६/२१

Bidders/Suppliers Name: ........................................................................................Phone No.........................................

Address: ......................................................................................................PAN/VAT No.........................................

| क्र.सं. | परिमाण | प्रति महिनाको भाडा रकम (अंकमा ) | प्रति महिनाको भाडा रकम (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|
| १ | क्यान्टिनको बहाल रकम | | | |

आधिकारिक व्यक्तित्वको नाम :
पद :
हस्ताक्षर :
फर्मको छाप :
मिति :